## मिति २०८१/०५/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १**

यस नेपालगञ्ज उप-महानगरपालिकाको जग्गा प्राप्ति तथा मुआब्जा वितरण कार्यविधि, २०८१ र सार्वजनिक निजी साझेदारी मञ्च (कृषक) सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१ आवश्यक छलफल पछि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नेपालगञ्ज उप-महानगरपालिकाको बालमैत्री स्थानीय शासन नीतिगत, प्रकृयागत कार्य कार्यान्वयनका लागि नतिजामूखि कार्ययोजना २०८१/०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नेपालगञ्ज उप-महानगरपालिकाको अपाङ्ग भएका व्यक्तिहरुको परिचय-पत्र वितरण कार्यविधि, २०७५ को दफा ६(१)(ख) अनुसार स्थानीय समन्वय समितिमा कार्यपालिकाका महिला सदस्यहरुमध्ये कार्यपालिकाले तोकेको एकजना सदस्य समितिमा रहने व्यवस्था रहेकोमा सो पदमा कार्यपालिका सदस्य श्री अमृता कुमारी सिंहलाई मनोनित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नेपालगञ्ज उप-महानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत सम्बन्धि कार्यविधि, २०७५ बमोजिम "घ" वर्गको निर्माण व्यवसायीको ईजाजतको लागी पेश हुन आएका बिग्रेड बिल्डर्स एण्ड इन्जिनियरिङ्ग ग्रुप प्रा.लि., नेपालगञ्ज-१२, बाँके र केदारनाथ कन्सट्रक्सन, नेपालगञ्ज-१९ बाँकेलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०८१।०३।०५ गतेको निर्णय नं. ७ बमोजिम चालु आ. व. २०८०/०८१ मा स्वीकृत बार्षिक कार्यक्रम **CoolingCentre** निर्माण गर्ने कार्य ठेक्का नं. **NSMC/SQ/W06/080/81** का लागी श्री लक्ष्मी निर्माण सेवा, चन्दननाथ-०४,जुम्ला सँग सम्झौता मिति २०८१।०१।१३ गते भइ सम्झौता अवधि २०८१।०३।१० सम्म रहेको निर्माण कार्यको कार्यान्वयनको चरणमा मिति २०८०/१२/१९ गतेको तातो हावाको लहर(लु) जोखिम ब्यवस्थापन कार्यक्रम सम्बन्धको समन्वय बैठकको निर्णय संख्या नं.१(ग) बमोजिम छानामा जस्ता पाताको सट्टा सम्भव भएसम्म अन्य उपयुक्त प्रविधियुक्त सामाग्री **(Insulated Materials)** को प्रयोगको लागि पहल गर्ने निर्णय भए बमोजिम **BOQ** मा जस्ताको छाना हटाई **Insulated Martial** भएको छाना प्रयोग गरी निर्माण गर्न **BOQ** मा नयाँ आइटम समावेश गरेर भेरिएसन गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय भएकोमा सो मा थप फलामको ढोकाको सट्टा आलुमुनियमको ढोका प्रयोग गर्ने र ढोका हुने स्थानको बरण्डामा पनि छत राख्ने गरी भेरिएसन गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



क्रमशः

## मिति २०८१/०५/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं. ६

आर्थिक वर्ष २०८०।०८१ मा सञ्चालित तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु विभिन्न कारणले समयमा सम्पन्न नभएकाले तपसिलमा उल्लेख भए अनुसारको म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | योजनाको नाम | ठेक्का नं. | सम्झौता मिति | सम्पन्न मिति | म्याद थपको मिति | पूर्व निर्धारित क्षतिपूर्ति लिई सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| बोलपत्र मार्फत कार्यान्वयन योजना | | | | | | |
| १. | वडा नं.१९ सुर्जिगाउँ चोकदेखि क्रियटिभ चिल्ड्रेन होम मन्टेश्वरी बाटो पिच | NSMC/SQ/W01/080/81 | २०८०।१२।३० | २०८१।०२।३० | | २०८१।०७।३० सम्म पूर्व निर्धारित क्षतिपूर्ति लिई कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । |
| २. | जि.स.स. वाट महिला कलेज र विचबाट पूर्व जाने बाटो निर्माण योजना | NSMC/NCB/W11/080/81 | २०८०।११।३० | २०८१।०३।१५ | २०८१।०७।३० | म्याद भित्र सम्पन्न गर्न नसकेमा ३ महिना पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । |
| ३. | वडा नं.१३ बाबु गाउँ जाने पिच देखी गंगापुर हुँदै पिच बाटो सम्म जोड्ने सडक निर्माण योजना | NSMC/NCB/W12/080/81 | २०८०।१२।२१ | २०८१।०३।०८ | २०८१।०७।३० | |
| ४. | वडानं.१६ सुर्खेतरोड (हाइवे) देखी जामामस्जिद हुँदै शिवमन्दिर जाने बाटो निर्माण योजना | NSMC/NCB/W07/080/081 | २०८०।१०।०७ | २०८१।०२।१५ | २०८१।०७।३० | |
| ५. | बसपार्क देखि सुर्जे गाँउ जाने बाटो र अन्य सडक निर्माण | NSMC/NCB/W04/080/81 | २०८०।०९।२३ | २०८१।०३।१५ | २०८१।०७।३० | म्याद भित्र म्याद भित्र सम्पन्न गर्न नसकेमा ३ महिना पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । |

सोमबहादुर खड्का
प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
महानगरपालिका

क्रमशः

मिति २०८१/०५/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

| क्र. सं. | योजनाको नाम | ठेक्का नं. | सम्झौता मिति | सम्पन्न मिति | म्याद थपको मिति | पूर्व निर्धारित क्षतिपूर्ति लिई सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| ६. | नगरपालिकाको विभिन्न स्थानमा छुटेको पिच बाटो निर्माण कार्यक्रम | NSMC/NCB/W13/080/81 | २०८०।१२।१८ | २०८१।०३।०५ | २०८१।०७।३० | |
| ७. | पासाङ्ग ल्ह्यामु मार्ग निर्माण | NSMC/NCB/W02/080/81 | २०८०।०९।१८ | २०८१।०३।१४ | २०८१।०७।३० | म्याद भित्र सम्पन्न गर्न नसकेमा ३ महिना पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । |
| ८. | रत्न राजमार्ग मिडियन व्यवस्थापन गर्ने | NSMC/NCB/W05/080/081 | २०८०।०९।२३ | २०८१।०३।१५ | २०८१।०७।३० | |
| ९. | सुर्खेत रोड गणेशमान चोक देखी कारकाँदो चोक सम्म फूटपाथ व्यवस्थापन तथा शौन्दर्यिकरण | NSMC/NCB/W01/2080/81 | २०८०।०९।१२ | २०८१।०३।१५ | २०८१।०७।३० | |
| १०. | बागेश्वरी चिल्ड्रेन पार्क निर्माण न्युरोड | NSMC/NCB/W03/080/81 | २०८०।०९।२३ | २०८१।०३।१० | २०८१।०७।३० | |
| ११. | जि.प्र.का.को पश्चिम रितु पुनको घरदेखि सेन्ट थोमस स्कुल हुँदै पूर्व जाने सडक निर्माण वडा नं १ कार्य | NSMC/NCB/W18/080/81 | २०८१।०२।१६ | २०८१।०३।२० | २०८१।०७।३० | |
| १२. | Cooling Centerनिर्माण | NSMC/SQ/W06/080/81 | २०८१।०१।१३ | २०८१।०३।१० | २०८१।०७।३० | |
| १३. | House Numbering | | २०८१।०२।०४ | २०८१।०३।०५ | २०८१।०७।३० | |
| १४. | NIDC सडक मर्मत कार्य | NSMC/NCB/W17/080/81 | २०८१।०१।३० | २०८१।०३।१५ | २०८१।०७।३० | म्याद थपको लागि सडक बोर्ड नेपाल मिनभवन काठमाडौमा सिफारिस गर्ने । |
| १५. | वडा नं. ९ बिष्णु लामाको घरदेखी पशुपति मन्दिर जाने सडक मर्मत | NSMC/SQ/W05/080/81 | २०८१।०२।२३ | २०८१।०३।१५ | २०८१।०७।३० | |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख



क्रमश :

मिति २०८१/०५/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

उपभोक्ता समिति मार्फत कार्यान्वयन योजना

| क.सं. | योजना विवरण | उपभोक्ता समिति/विद्यालयको नाम | सम्झौता मिति | सम्पन्न मिति | म्याद थपको मिति |
|---|---|---|---|---|---|
| १६. | वडा नं.२ हनुमानगढी निर्माणकार्य | हनुमानगढी धुना घर निर्माण उपभोक्ता समिति नेपालगञ्ज-०२,बाँके | २०८१।०२।२२ | २०८१।०३।१५ | २०८१।०७।३० |
| १७. | वडा नं २३ वडा कार्यालय भवन निर्माण कार्य | भवन निर्माण उपभोक्ता समिति, नेपालगञ्ज-२३, बाँके | २०८१।०२।१४ | २०८१।०३।१५ | २०८१।०७।३० |
| १८. | श्री नेपालगञ्ज कन्या मा.वि.मा खानेपानी र मर्मत कार्य | श्री नेपालगञ्ज कन्या मा.वि. नेपालगञ्ज-०४, बाँके । | २०८१।०२।२४ | २०८१।०३।१५ | २०८१।०७।३० |
| १९. | वडा नं २० खोप केन्द्र निर्माण कार्य | गायत्री नगर खोपकेन्द्र निर्माण उपभोक्ता समिति नेपालगञ्ज-२०,बाँके । | २०८१।०२।०३ | २०८१।०३।१५ | २०८१।०७।३० |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



क्रमशः

मिति २०८१/०५/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं. ७

यस नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ०२ स्थित १०८ फिटे हनुमानको मुर्ति निर्माण ठेक्का नं. NSMC/NCB/W04/079/080 को पोडिएम सम्मको कार्यसम्पन्न भएको र निर्माणका क्रममा निर्माण व्यवसायीले कला सम्वन्धी ढाँचा तथा बनावट कार्य तथा मुर्तिको परिस्कार कार्यको लागि BOQ मा नभएको भनि निवेदन पेश भएकोमा उक्त कार्यको दररेट जिल्ला दररेटमा उल्लेख नभएकोले उक्त कार्यको सम्बन्धित कार्य गर्ने फर्म व्याक्ति सँग दररेट माग गर्ने र उक्त कार्य समावेश गरी संशोधित लागत अनुमान तयार गरी पेश गर्नका लागि परामर्शदातालाई जानकारी गराउने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका